# भूमि अधिकार अभियान
## मासिक खबर

वर्ष : १ अङ्क : ११ जेठ, २०७२

### भुकम्पको पीडा

**पुनर्निर्माणको लागि राहत र हाम्रो प्रयास**

नेपालमा बैशाख १२, १३ र २९ गते ठूलो भुकम्प गयो । र त्यसपछि लगातार गएका सयौं पराकम्पनहरूले जनजीवन अस्तव्यस्त बनायो । लामो समयसम्म पनि मानिसहरूमा त्रास कम हुन सकेन । विस्तारै जनजीवन सामान्य हुँदै गइरहेको छ । वर्षात् सुरु भएको छ । घर भत्केका छ । बस्ने बासको समस्या भएकाहरू विस्तारै अस्थायी आवास निर्माण गरी भएका अन्नपात, लुगाफाटा र सरसामानको सुरक्षा गर्नतर्फ पनि लागिरहेका छन् । खेतीपातीको समय भएकाले विभिन्न ठाउँमा मकै भित्र्याउने र धान रोपाइँको सुरुवात हुन थालेको छ । यो समय मानो रोपेर मुरी उब्जाउने समय भएकाले किसानहरू भुकम्पको पीडा बिर्सेर विस्तारै खेतीपातीमा लाग्न थालेका छन् ।

भुकम्पको कारण हाम्रो कार्यक्षेत्रअन्तर्गत सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, ललितपुर, रामेछाप, ओखलढङ्गा, खोटाङ र सिन्धुली जिल्ला पनि प्रत्यक्ष प्रभावित भएको छ । यसमध्ये पनि सिन्धुपाल्चोक र रसुवा अति नै प्रभावित जिल्ला हो । भुकम्पपछि समस्याग्रस्त कार्यक्षेत्रका जिल्लाहरूमा राहत तथा पुनर्निर्माणको लागि सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र राष्ट्रिय भूमि अधिकार मञ्चले अभियान गरिरहेको छ । यसका लागि विभिन्न सहयोगी निकाय तथा व्यक्तिहरूसँग समन्वय गरी कार्यक्षेत्रका माथि उल्लेखित जिल्लाहरूमा राहत वितरण तथा पुनर्निर्माणको कामहरू भइरहेका छन् ।

**स्रोत सङ्कलन विवरण**

| क्र.सं. | संस्था/व्यक्ति | रकम |
|---|---|---|
| १ | आत्मनिर्भर केन्द्र | १००,००० |
| २ | आत्मनिर्भर केन्द्र, कर्मचारी टिम | २१,१९१ |
| ३ | गभर्नेन्स फेसिलिटी | १५०,००० |
| ४ | फुलकुमारी महतो हस्पिटल | ४१६४८ |
| ५ | एस्ट्रेलिएन रोटरी क्लब | ९५८२ |
| ६ | सिला अउम | ३०७२० |
| ७ | एङ्क एक्सएफ फिलिपिन्स र एएलआरडि बंगलादेश | २२०१६० |
| ८ | एशोशियसन भोईक्स लाईब्रेस मारिएन्स सेवास्फिएन | १०१५९७३ |
| ९ | छायाँ एस्ट्रिया (कमल थापा) | २००,००० |
| १० | एशियन फार्मर एशोसियसन फर सुस्ता | ९१,४४० |
| ११ | मार्सेलि मेलन | १५०३६ |
| १२ | राहुल रेडि गोतुरी | १०२२५० |
| १३ | सुवासचन्द्र कट्टेल | ५०,००० |
| १४ | ताकेसी ईकदा | २०,००० |
| १५ | आईएलसी ग्लोबल एसब्ली सेनेगल | ७७,८५६ |
| १६ | जिन्हा भाई (सिडिएस बंगलादेश) | १०,१४५ |
| १७ | जेर्बा क्याम्परभान्स लिमिटेड (साईमन पोल) | ३१०,३६० |
| १८ | सुबास कट्टेल | १,३०४,७९४ |
| | **जम्मा (आम्दानी)** | **३,३१२,४२९** |

पहिलो चरणमा सबै जिल्लाहरूमा अत्यावश्यक सामग्रीहरू खाद्यन्न र त्रिपाललगायतको राहत सामग्रीहरू वितरण गरियो । र दोस्रो चरणमा सिन्धुपाल्चोक र रसुवा जिल्लामा बढी क्षती भएकाले त्यहाँ अस्थायी बसोबासको लागि अस्थायी आवास निर्माणका कार्यहरू भइरहेका छन् । राहत तथा पुनर्निर्माणअन्तर्गत भएका मुख्य गतिविधिहरू तल उल्लेख गरिएको छ । हालसम्म सामुदायिक आत्मनिर्भर सेवा केन्द्रमा सङ्कलन भएको नगद तथा जिन्सी स्रोतको विवरण वक्समा राखिएको छ हेर्नुहोस् । उक्त सङ्कलन भएको रकम तथा जिन्सी सामान राहत तथा पुनर्निर्माण कार्यमा खर्च गरिएको छ । साथै उक्त स्रोतको खर्च विवरण तल वक्समा प्रस्तुत गरिएको छ हेर्नुहोस् । भुकम्प प्रभावित जिल्लाहरूमा यस महिना भएका राहत तथा पुनर्निर्माणअन्तर्गत विभिन्न कार्यहरू भएका छन् । यस्तै महाभुकम्पबाट प्रभावित भएका जिल्लाहरूमा राहत सहयोग गर्नको लागि विभिन्न जिल्ला मञ्चहरूले कोष सङ्कलन अभियान पनि गरेका थिए । यसक्रममा यस महिना सिरहा, बारा, बर्दिया, पाल्पा, सर्लाही, महोत्तरी र सुनसरीलगायतका जिल्लाले ८४ हजार २ सय १८ रूपियाँ सङ्कलन गरेका छन् । सङ्कलन भएको रकम जिल्ला भूमि अधिकार मञ्चमार्फत राष्ट्रिय भूमि अधिकार मञ्चमा पठाइएको छ ।

## जेष्ठ नागरिकलाई सहयोग



हेल्पएज इन्टरनेशनल नेपाल र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको सहकार्यमा नुवाकोट र सिन्धुपाल्चोक जिल्लामा २ हजार ६ सय ७७ भुकम्प प्रभावित जेष्ठ नागरिकलाई आर्थिक सहयोग प्रदान गरियो । भुकम्प प्रभावित क्षेत्रका ६० वर्षमाथिका जेष्ठ नागरिकहरूको घरधुरी सर्वेक्षण गरी प्रतिव्यक्ति ७ हजार ५ सयका दरले नगद वितरण गरिएको छ ।

जेष्ठ नागरिक सहयोग कार्यक्रमअन्तर्गत नुवाकोट जिल्लाका गोर्स्याङ गाविसमा ३१५, गेर्खु गाविसमा २५३ र रातमाटे गाविस २२५ जनालाई नगद वितरण गरिएको छ । यस्तै सिन्धुपाल्चोक जिल्लाको तालामाराङ गाविसमा ३३१, किउल गाविसमा २६०, महाँकाल गाविसमा ३३२, इचोक गाविसमा ३९०, हेलम्बु गाविसमा १२९, भीमटार गाविसमा १५८ र नवलपुर गाविसमा २८४ जेष्ठ नागरिकलाई नगद वितरण गरिएको छ ।

दुवै जिल्लामा गरी १० गाविसमा २ हजार ६ सय ७७ जना जेष्ठ नागरिकलाई कूल २ करोड ७७ हजार ५ सय रूपियाँ वितरण गरिएको छ । भुकम्पको कारण क्षति पुगेका प्रभावित परिवारलाई राहतस्वरुप नगदै वितरण गर्दा उनीहरूले आफ्नो आवश्यकताअनुसारको क्षेत्रमा खर्च गरी समस्या समाधान गर्न सक्ने भएकाले नगद नै वितरण गरिएको हो ।

## अस्थाई घर निर्माण सहयोग



सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र एक्सनएड नेपालको सहकार्यमा पुनर्निर्माणको लागि सामुदायिक अभियानले भुकम्प प्रभावितको लागि अस्थाई घर निर्माण गरिएको छ ।

यस अभियानअन्तर्गत सिन्धुपाल्चोक जिल्लाको किउल गाविसमा ५ सय ७० र महाँकाल गाविसमा ५० वटा अस्थाई घर निर्माण भइसकेका छन् । स्थानीय सामग्री बाँस, काठ, चित्रा, छ्वाली प्रयोग गरी बनाएको घर अस्थायी बसोबासको लागि सुरक्षित छ । घर बनाउन हम्बर, करौती, तार, किला, गैती, गल, सावेल र डेढ बण्डल हुलासको जस्तापाता भुकम्प प्रभावित घरधुरीलाई उपलब्ध गराइएको थियो ।

यस्तै वर्ल्ड जिविस रिलिफको सहयोगमा रसुवा जिल्लाको लहरेपौवा, धैबुङ र भोर्ले गाविसका १६ गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित ४ सय ३० सदस्य परिवारलाई अस्थायी घर निर्माण गर्न सहयोग गरिएको छ ।

उक्त सहयोगले भुकम्प प्रभावित सदस्यलाई डेढ बण्डल जस्तापाता, १ केजी तार, डेढ केजी किलाकाँटी, हम्मर र हाते उपलब्ध गराइएको छ । रसुवामा अस्थायी घर निर्माणको कार्य भइरहेको छ ।

## मुक्तकमलरी विकास मञ्चको राहत



सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालसँग समन्वय गरी मुक्त कमलरी विकास मञ्चले भुकम्प प्रभावित जिल्लामा राहत वितरण गरेको छ । विकास मञ्चले ३१ क्वीन्टल चामल, २४ केजी दाल, २०० थान कम्बल, १०० थान झुल, ९३ थान म्याक्सी र ८० थान पेटीकोट गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित सदस्यहरूलाई वितरण गरेको छ । उक्त राहत सामग्री सिन्धुपाल्चोक र नुवाकोट जिल्लामा जिल्ला भूमि अधिकार मञ्चको समन्वयमा गाउँ भूमि अधिकार मञ्च सदस्यहरूलाई वितरण गरिएको छ ।

राहत सामग्री वितरण गर्नको लागि मुक्त कमलरी विकास मञ्चका अध्यक्ष बिमला चौधरीको नेतृत्वमा बाँके र दाङबाट कमलरी विकास मञ्चका टोली गाउँगाउँमा पुगेर भुकम्प पीडितहलाई भेटी राहत वितरण गरेका थिए । पछिल्लो पटक उनीहरूले नुवाकोटको दुईपिपल, जिलिङ र खड्गभन्ज्याङ्को गाउँ बस्तीहरूमा पुगेर राहत वितरण गरेका छन् ।

भुकम्प प्रभावितहरुलाई राहात तथा पुनर्निर्माणमा गरिएको खर्च विवरण

| क्र.सं. | खर्च विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | बैंक चार्ज | ३५६८.५० | |
| २ | राहत सहयोग | ६७२९०८ | |
| | सिल्पिङ व्याग खरिद | | ९००० |
| | ब्लाङ्केट खरीद | | ३३६४८३ |
| | उद्धार खर्च | | ५०००० |
| | यातायात खर्च | | ८७४७५ |
| | व्यानर | | ७०० |
| | सञ्चार खर्च | | ३४५ |
| | खाना, खाजा तथा व्यबस्थापन | | ६९३५ |
| | जस्तापाता | | ५०,००० |
| ३ | त्रिपाल (खोटाङ र ओखलढुङ्गा) | ७२९९५६ | |
| ४ | त्रिपाल, चामल, दाल, सुत्केरी तथा गर्भवती किट, जस्तापाता *(सुबास कट्टेलमार्फत जुटेको सहयोगबाट)* | १,३०४,७९४ | |
| ५ | निर्माणका लागि सहयोग *(मिसेल बममार्फत सञ्जिव बडाललाई सहयोग)* | १०१९६० | |
| | सुवास कट्टेलमार्फत<br>रामेछापमा ३३३ त्रिपाल, १०७ बोरा चामल र २५ सुत्केरी किट, सिन्धुपाल्चोकमा ३५ बण्डल जस्ता र ७५ के.जी. दाल र नुवाकोटमा ३५ सुत्केरी किटमा खर्च भएको छ। | | |
| | **जम्मा (खर्च)** | **२,८१३,१८६.५** | |

## राहत वितरण गरियो

जिल्ला भूमि अधिकार मञ्च, सिन्धुपाल्चोकले राम्चे गाविसका ३ सय भुकम्प प्रभावित सदस्यहरूलाई राहत वितरण गरेको छ । जिल्ला मञ्चले आफ्नै स्रोतबाट प्रति सदस्य १ लिटर तेल, १ केजी केराउ, १ केजी चना, १ केजी चिनीसहित ५ केजीको प्याकेज मिलाएर वितरण गरेको छ ।

मञ्चले राम्चे गाविसका ५ वटा गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित भुकम्प प्रभावित सदस्यहरूलाई राहत वितरण गरेको हो ।

## किसानलाई धानको बीउ

जिल्ला भूमि अधिकार मञ्च, सिन्धुपाल्चोकले गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित ४ सय ३२ किसान परिवारलाई धानको बीउ वितरण गरेको छ । मञ्चले फटकशिलाका ५, बाँडेगाउँका ५, नवलपुरका २, सिपापोखरेका १ भीमटारका १ गरी १२ वटा गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित सदस्यहरूलाई धानको बीउ वितरण गरेको हो ।

सदस्यहरूलाई खुमल धानको बीउ ४ हजार ७ सय ६० केजी र मकवानपुरे धानको बीउ २ हजार १ सय केजी वितरण गरिएको छ । वितरण गरिएको धानको बीउ खुमलचार जिल्ला मञ्चले आफ्नै स्रोतले खरिद गरी

विक्री गरेको हो भने मकवानपुरे जिल्ला कृषि विकास कार्यालयको सहयोगमा इन्द्रावती एकीकृत कृषि विकास सहकारी संस्थामार्फत वितरण गरिएको हो ।

यस्तै, कयेर नेपालको सहयोगमा सञ्चालित आपतकालिन सहयोगअन्तर्गत बाँसखर्क, दुवाचौर, भोटाङ र बरुवा गाविसमा पनि धाउनको बीउ वितरण गरिएको छ । यसअन्तर्गत खुमल जातको धानको बीउ ३ सय किलो, खुमल-चार धानको बीउ ४ हजार ४ सय ५ किलो र बास्तमती धानको बीउ ९ सय ५० किलो गरी जम्मा ५ हजार ६ सय ५६ केजी धान बीउ प्रति कृषक परिवार ५ केजीको दरले वितरण गरिएको छ ।

## सदस्यलाई झुल वितरण

जिल्ला भूमि अधिकार मञ्च, रसुवाको समन्वयमा भुकम्प प्रभावित सदस्यहरूलाई गर्मीको कारण लामखुट्टेबाट बच्नको लागि झुल वितरण गरिएको छ । मञ्चको समन्वयमा आएको झुल गाउँ भूमि अधिकार मञ्च र भूमि अधिकार महिला कृषि सहकारीमा सङ्गठित सदस्यहरूलाई २ सदस्यलाई वितरण गरिएको छ ।

## प्रकोप सचेतनाबारे गाउँ छलफल

बैशाख १२ गते र यसपछि विभिन्न पटक गएको भुकम्पका पराकम्पनहरूले देशैभरीको जनजीवन अस्तव्यस्त बनायो । यसैले आगामी दिनमा हुन सक्ने यस्तो जोखीम तथा प्रकोपबाट कसरी सुरक्षित रहने ? भन्ने विषयमा कञ्चनपुरका विभिन्न गाउँ भूमि अधिकार मञ्चमा छलफल गरिएको छ ।

कञ्चनपुरको १० वटा गाविसका गाउँ मञ्च र १ नगरपालिका क्षेत्रमा महाविनाशकारी भुकम्पले पुऱ्याएको क्षति, जनमानसमा परेको असर आगामी दिनमा कसरी सुरक्षित रहने र यस्ता विषयमा गाउँघर, परिवारमा कस्ता छलफहरू गर्ने भन्ने विषयमा समुदाय छलफल गरिएको थियो । यो छलफल भुकम्पको पछिको परिवेश, भूमि सुधारको आवश्यकता र सरोकारवालाको भूमिका विषयमा केन्द्रीत थियो । विभिन्न ठाउँमा गरिएको छलफलमा ३८५ महिला, १४८ दलित, २३७ जनजाति, २०६ ब्राम्हण/क्षेत्रीसहित ५९१ जना सहभागी थिए । छलफलमा स्थानीय राजनीतिक दल, सरकारी कार्यालय, अन्य सरोकारवाला निकाय, भूमि अधिकार आन्दोलनका अगुवा र सदस्य, विभिन्न किसान सङ्गठनका प्रतिनिधिहरूको पनि उपस्थिती थियो ।

## श्रद्धान्जली सभा भयो

बैशाख १२ गते गएको विनाशकारी भुकम्पमा परी ज्यान गुमाउनेहरूको सम्झनामा सिन्धुपाल्चोकको किउल गाविस- ९ मा सामूहिक श्रद्धान्जली सभा आयोजना भयो । जेठ ३० गते भएको श्रद्धान्जली सभामा स्थानीय लामाहरूले पराम्परागत विधिअनुसारको पुजाआज गरी मृत्यूकको चिरशान्तीको कामना गरियो । श्रद्धान्जली सभाको लागि सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र एक्सन एड नेपालमार्फत आवश्यक सहयोग उपलब्ध गराइएको थियो । श्रद्धान्जली सभामा विद्यार्थी, शिक्षक र स्थानीयबासीहरूसहित करिव ३ सय सहभागी भएका थिए ।

## संयुक्त पुर्जा बनाउने थपिए

संयुक्त पुर्जा निर्माण अभियान नियमित सञ्चालन भइरहेको छ । जेठ महिनामा १८ जिल्लाका १ सय ६१ जोडी किसानले संयुक्त पुर्जा निर्माण गरेका छन् । उनीहरूले करिव ४४ हेक्टर क्षेत्रफलको जमिनमा संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला-पुरुषको बराबरी स्वामित्व कायम गराएका हुन् ।




यस क्रममा रसुवाका ५२ जोडीले ३३४ रोपनी २ आना २ दाम २ पैसा, दाङमा २५ जोडीले २.९३ हेक्टर, सुर्खेतमा १६ जोडीले ७२ रोपनी ४ आना ३ पैसा ५ दाम, कैलालीमा १४ जोडीले २ बिघा १२ कट्ठा ९ धुर, महोत्तरीमा ७ जोडीले २ बिघा ७ कट्ठा १४ धुर, नवलपरासीमा ७ जोडीले १५ कट्ठा ७ धुरमा, पाल्पामा ६ जोडीले ७.५७ हेक्टरमा, बर्दियामा ६ जोडीले ६ बिघा १३ कट्ठा १४ धुर, बैतडीमा ५ जोडीले ०.३२ हेक्टर, बाँकेमा ३ जोडीले १८ कट्ठा, सर्लाहीमा ४ जोडीले १६ कट्ठा ११ धुर, सुनसरीमा ३ जोडीले १ कट्ठा १७ धुर, बाग्लुङमा ३ जोडीले ३ रोपनी ४ आना, धनकुटामा २ जोडीले २.१ हेक्टरमा, सल्यानमा २ जोडीले ५ रोपनी, उदयपुरमा २ जोडीले ९ कठा ५ धुर, सिरहामा २ जोडीले १० कट्ठा, कञ्चनपुरमा १ जोडीले ११ कट्ठा १२ धुर, सप्तरीमा १ जोडीले ५ कट्ठा क्षेत्रफलमा संयुक्त पुर्जा निर्माण भूमिमा महिला–पुरुषको बराबरी स्वामित्व कायम गराएका छन् ।

## जिल्ला सम्मेलन भयो

जिल्ला भूमि अधिकार मञ्च, बैतडीको तेस्रो जिल्ला सम्मेलन भयो । सम्मेलनले रुकुवाराम लोहारको अध्यक्षतामा ११ पदाधिकारी रहेको जिल्ला समिति चयन गरेको छ । बैतडीको विशलापुर गाविस भवनमा आयोजना भएको सम्मेलनमा राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालका उपाध्यक्ष नन्दा जोशी प्रमुख अतिथी रहनुभएको थियो भने उद्घाटन सत्रमा जिल्लाका राजनीतिक दल र सरोकारवाला निकायका प्रतिनिधिसहित १०६ जना सहभागी थिए ।

सम्मेलनमा गत तीन वर्षमा भएको अभियानको उपलब्धीको समीक्षा गरियो भने आगामी तीन वर्षको मुख्य कार्ययोजना पनि प्रस्तुत गरी पारित गरिएको छ । जिल्ला सम्मेलनको लागि विशालपुर गाविसबाट २० हजार आर्थिक सहयोग प्राप्त भएको थियो । तेस्रो सम्मेलनबाट उपाध्यक्ष, सचिव, सह-सचिव र कोषाध्यक्षमा क्रमशः गीता सिनाल, गुन्जेराम सार्की, सुर्जा लोहार, राजुराम भुल चयन भएका छन् । भने सदस्यहरूमा जानकी दमाई, सुरेशराम सार्की, देवानीराम सार्की, नारायणराम सार्की, हिरा दमाई र सन्नरी भुल चयन भएका छन् ।

## उठिबास विरुद्ध मञ्चको अभियान

बाँके, नौबस्ता गाविसस्थित सुनगाभा सामुदायिक वन समिति र कोहलपुर ईलाका वन कार्यालयले कुशेडाँडामा रहेको भूमिहीन बस्ती उठिबास गर्ने निर्णय यसअघि गरेको थियो । बस्ती उठिबास गर्ने निर्णयले एक सयभन्दा बढी परिवार जोखीममा परेका थिए । वर्षात्को समयमा भूमिहीन बस्ती उठिबास हुने जोखीम बढेपछि जिल्ला भूमि अधिकार मञ्चको पहलमा स्थानीय राजनीतिक दलसहित सर्वपक्षीय भेला गरी बिना बिकल्प बस्ती उठिबास नगर्न छलफल गरियो । उक्त छलफलपछि बस्ती उठिबास गर्न नपाइने लिखित निर्णय भएको छ । यो निर्णयपछि उठिबासको जोखिममा रहेका परिवारहरूको तत्काल बसोबास सुरक्षित भएको छ ।

## किसानलाई क्षतिपूर्ति

जिल्ला भूमि अधिकार मञ्च, सुनसरीको पहलमा वक्लौरी गाविसका रामकुमार गिरीले १ लाख रूपियाँ क्षतिपूर्ति लिएका छन् । १० वर्ष अघिदेखि जमिन जोत्दै र संरक्षण गर्दै आएका किसानलाई जग्गाधनी नगेन्द्रप्रसाद ढुङ्गेलले जवरजस्ती वेदखली गरेपछि मञ्चको प्रयासमा उनले क्षतिपूर्ति लिएका हुन् ।

## अव जोतभोग प्रमाणबाटै तिरो बुझ्ने

जिल्ला भूमि अधिकार मञ्च, दाङको पहलमा सिंसहनिया गाविसबाट जोतभोग तथा बसोबासको आधार प्रमाण पत्र लिएका भूमिहीन किसानले अव गाविसको कार्यालयबाट सोही आधार पत्रको आधारमा रैकर सरह तिरो बुझाउन पाउने भएका छन् ।

भूमि अधिकार मञ्चको पहलमा गाविसको कार्यालयमा बसेको गाविस सचिवसहितको सर्वदलीय बैठकले हरेक वर्ष मालपोत सरहकै तिरो लिने र सो वापतको रसिद पनि किसानहरूलाई दिने गरी निर्णय भएको छ । यसबाट भूमिहीन किसानहरूले आफू बसोबास गरिरहेको जमिनको स्वामित्व लिनको लागि आधार तय हुने भएको छ ।

## नदी नियन्त्रण गर्न मञ्चको प्रयास

जिल्ला भूमि अधिकार मञ्च, महोत्तरीले जिल्ला भू-संरक्षण कार्यालयको साझेदारीमा नदी नियन्त्रण कार्य गरेको छ । वर्षात्को समयमा नदीको बहाव बढेर नदी किनाराका बस्तीलाई दुःख दिने जोखीम बढेपछि मञ्चको सक्रियतामा नदी नियन्त्रण गरिएको छ । मञ्चले स्थानीयस्तरमा ७५ हजार रूपियाँ सङ्कलन गरेको थियो भने बाँकी १ लाख १० हजार रूपियाँ जिल्ला भू-संरक्षण कार्यालयबाट सहयोग लिई तारजाली खरिद गरी आफ्नै सक्रियतामा नदी नियन्त्रण गरेको छ ।

यस्तै, सप्तरीको दौलतपुर-१ लक्ष्मीपुर बजरङ्ग गाउँ मञ्चले जिल्ला भू-संरक्षण कार्यालयबाट ७ लाख बजेट ल्याई २ बिघा १० कट्ठा ऐलानी जग्गामा पोखरी निर्माण गरेको छ । यसबाट माछा पालन तथा सिँचाइ गरी गाउँ मञ्चमा सङ्गठित ४० परिवार लाभान्वित हुनेछन् ।

दौलतपुर-१ कै मझौ गाउँ मञ्चले कृषि उद्यमअन्तर्गत माछा पालन गरी आयआर्जन गर्नको लागि जिला भू-संरक्षण कार्यालयबाट ४ लाखरूपियाँ अनुदान ल्याई १ बिघा १० कट्ठा क्षेत्रफलको ऐलानी जमिनमा पोखरी निर्माण गरिएको छ । यसबाट गाउँ मञ्चमा सङ्गठित २७ परिवार लाभाविन्त भएका छन् ।

## भूमिघर निर्माण



कैलालीको बेलादेवपुर गाविस- ३ सेहरीमा भूमिघर निर्माण भएको छ । भूमि अधिकार मञ्चले आफ्नै जनश्रमदानसहित विभिन्न निकायबाट आर्थिक स्रोत सङ्कलन गरी कूल २ लाख ६ हजार ९ सय ५ रूपियाँको लागतमा भूमि घर निर्माण भएको छ । भूमिघर निर्माणको लागि सामुदायिक आत्मनिर्भर सेवा केन्द्रबाट ५० हजार, लक्ष्मी सामुदायिक वन समितिबाट १५ हजार रूपियाँ बराबरको काठ सहयोग, स्थानीय युवा क्लबबाट ३० हजार, सहकारी कोषबाट ६ हजार २ सय ५० लगायतबाट स्रोत सङ्कलन गरी भूमि घर निर्माण गरिएको छ ।

यस्तै, सुर्खेत, बीरेन्द्र नगरपालिका- ९ नौलापुर गाउँ भूमि अधिकार मञ्चले आफ्नै भूमिघर निर्माण गरेको छ। गाउँ मञ्चका सदस्यहरूले १ कठ्ठा बाँझो जमिनको खोजी गरी घर निर्माण गर्नको लागि रकमसमेत सङ्कलन गरेका थिए । भूमिघर बनाउनको लागि सदस्यहरूले आफैले १३ हजार, सङ्गठनको आन्दोलन कोषबाट ५ हजार र अन्य निकायबाट २६ हजार गरी जम्मा ४४ हजार रूपियाँ सङ्कलन गरेका थिए । रकम बाहेक मञ्चका सदस्यहरूले जनश्रमदान पनि गरी भूमिघर निर्माण गरेका हुन् । भूमिघर निर्माणपछि सङ्गठनको बैठक बसी छलफल गर्न, भूमि शिविरलगायतको कार्यक्रम गर्न सजिलो हुने भएको छ।

**जिल्ला परिषद् भयो**

जिल्ला भूमि अधिकार मञ्च, कञ्चनपुरको आठौं जिल्ला परिषद् भयो । परिषद्मा गत वर्षको आर्थिक तथा प्रगती प्रतिवेदनमाथि छलफल भई पारित गरिएको छ।

मञ्चको परिषद्मा स्थानीय राजनीतिक दलका प्रतिनिधिहरू, गाविस सचिव, पत्रकार, सरोकारवाला निकायका प्रतिनिधिहरूसहित ६९ महिला, ३५ दलित, २५ जनजाति, ४६ ब्राम्हण/क्षेत्रीसहित १०६ उपस्थित थिए । उपस्थित सरोकारवाला निकायका प्रतिनिधिहरूले भूमि अधिकार मञ्चले वास्तविक किसान र भूमिहीनको लागि भूमि तथा कृषि अधिकारको मुद्दा उठाएको बताए । उनीहरूले भुकम्पपछि भूमिको समस्या झन बढेकाले मञ्चले यसको पनि नेतृत्व गर्दै नेपालमा भूमि सुधार लागू गर्न आवश्यक रहेको सुझाएका छन्।

**सामाजिक जवाफदेहीता तालिम**

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको आयोजना र अक्सफाम नेपालको सहयोगमा डडेलधुरामा ३ दिने सामाजिक जवाफदेहीता तालिम भयो । अक्साफामद्धारा सञ्चालित खाद्यसुरक्षा परियोजनाका कर्मचारी तथा सामाजिक परिचालकहरू तालिममा सहभागी थिए । तालिममा सामाजिक जवाफदेहीताअन्तर्गत समुदाय अङ्कपत्रको अवधारण, चरणहरूबारेमा समूह छलफल तथा प्रस्तुतीहरू भएका थिए भने सार्वजनिक सुनुवाईका अभ्यासहरू पनि गराइएको थियो। तालिमको सहजीकरण प्रो पब्लिकका प्रविण भट्टराईले गरेका थिए।

जेठ २१ देखि २३ सम्म डडेलधुराको बागबजारमा भएको तालिममा डडेलधुरा, सुर्खेत र दैलेखका अक्सफामका साझेदार संस्थाका परियोजना संयोजक, परियोजना सञ्चालित गाविसका सामाजिक परिचालक र छलफल कक्षाका सक्रिय अगुवाहरूसहित ३६ जना उपस्थित थिए।

**राष्ट्रिय मञ्चको सचिवालय बैठक**

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको सचिवालय समितिको बैठक जेठ ३० गते भूमिघर धापासीमा भयो । बैठकमा भुकम्पले पारेको प्रभाव र कार्यक्षेको अवस्था र राहत वितरणबारे समीक्षा भयो । सचिवालय बैठकले मञ्चको केन्द्रीय कार्यालय ठिमूरामा महिला किसान मञ्चको सचिवालय स्थापना गर्ने निर्णय गरेको छ । साथै आगामी वर्षको वार्षिक कार्ययोजना निर्माण गरी पारित गरेको छ । बैठकमा ९ सचिवालय सदस्य र ३ कर्मचारीसहित १२ जना सहभागी थिए।

जय भूमि ।

भूमि अधिकार मञ्च

**राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल (NLRF)**
ठिमुरा, चितवन,
फोन : ०१-६९१४५८६
ईमेल : nlrfnepal@yahoo.com

CSRC आत्मनिर्भर केन्द्र

**सामुदायिक आत्मानिर्भर सेवा केन्द्र (CSRC)**
धापासी काठमाडौं,
फोन : ०१-४३६०४८६
ईमेल : landrights@csrcnepal.org